अध्याय दस

# सफलता कि असफलता ?

## पाँच वर्षको अन्तरालपछि जापानमा

जापान फर्केर मैले पुनः शाप्ला नीर टोकियो कार्यालयमा काम थालें । तर मलाई पाँच वर्षको अन्तरालपछि जापानी जनजीवनमा भिज्न साह्रै गाह्रो भयो ।

सधैँ हरेक कुरा बिस्तारै, आनन्दले गर्न पाउने नेपालभन्दा बिल्कुलै फरक जापान, त्यसमा पनि अझ टोकियो त निक्कै व्यस्त सहर थियो । हुन त नेपालमा छँदा पनि प्रायः व्यस्तै भइन्थ्यो । विशेष गरी कामको सिलसिलामा जिल्लातिर खटिएर जाँदा शारीरिक तथा मानसिकरूपमा कठिनाइहरूको सामना गर्नुपर्ने हुन्थ्यो । तर काठमाडौंमा भने ६ बजे नै काम सिध्याएर बेलुकीको समय आनन्दले बिताइन्थ्यो । जापानमा बेलुकी आठ बजेभन्दाअगाडि काम सिध्याउनु भनेको असम्भवजस्तै हुन्छ । त्यहाँ बेलुकी दस/एघार बजेसम्म काम गर्नु कुनै आश्चर्यको कुरा हुँदैन । जापानमा देखिने व्यस्तताको कारण काम मात्रै पनि होइन । पैदल यात्रीहरू किन त्यसरी हतारहतार गरेर हिँडेका होलान् ? पसलेले किन हतारहतार बिक्री भएको सामान झोलामा राखेर पैसा फिर्ता दिन आत्तिएको होला ? जापानका यस्ता प्रत्येक कुराप्रति मेरो ध्यानाकर्षित हुन थाल्यो ।

बाढी नै आएजस्तो, जापानको बजारमा अत्यधिक सङ्ख्यामा सामानहरू देखेर छक्कै परिन्छ । जुन पसलमा गए पनि सामानका थुप्रा मात्रै । एउटा स्याम्पूकै कुरा गरौँ न, त्यसका प्रकार पनि कति हुन् कति । जस्तै सुख्खा कपालको लागि, चिल्लो कपालको लागि, साधारण कपालको लागि, कण्डिसनर भएको, फुलेको कपाल रङ्गाउने तत्त्व भएको, टनिक भएको आदि आदि । त्यसमाथि धेरै उत्पादकहरूले एकै समयमा बजारमा ल्याउने भएकोले अधिक मात्रामा विभिन्न प्रकारका स्याम्पूहरू पाइन्छन् । नेपालमा तीन प्रकारका भन्दाबढी स्याम्पू नपाइने, मलाई त जापानको सुपरमार्केटमा भएका स्याम्पूको सङ्ख्या देख्दै रिङ्गटा लाग्ने गर्थ्यो ।

म जापानमा एक्लै भएर पनि होला त्यहाँको वातावरणमा रम्न नसकेको । नेपालको कार्यावधि समाप्त हुनुभन्दा ६ महिनाअगाडि मेरी श्रीमती एउटा गैससमा नियुक्ति लिई बंगलादेश सरूवा भइसकेकी थिइन् । पहिला नेपालमा आउँदाखेरि श्रीमतीको चाहनाविपरीत शाप्ला नीरको कामबाट विदा हुँदा यस्तो हुनु स्वाभाविकै त हो नि भन्ने लागेको थियो । मैले अगाडि पनि उल्लेख गरेको छु, त्यस बेलाको मेरो विचारमा महिलामाथि शोषण गर्ने भावना देखिएको भनी श्रीमतीले औँल्याएकी थिइन् । यस कुराको प्रायश्चित्त गर्ने उद्देश्यले पनि मैले श्रीमती उक्त गैससमा काम गर्ने कि नगर्ने भनी दोधारमा परेको बेला "चुनौतीको सामना गर्दा कसो होला ?" भन्दै काम गर्ने सल्लाह दिए । मलाई थाहा थियो यो सल्लाहले केही वर्षसम्म श्रीमतीसँग छुट्टिएर बस्नुपर्ने बाध्यतासँगै लिएर आउँछ ।

एकचोटिसँगै बसिसकेपछि फेरि एक्लै जीवन बिताउनुपर्दा त अनुमानै गर्न नसकिने एक्लोपनको आभास हुँदो रहेछ । हरेक दिन बिहानदेखि बेलुकी अबेरसम्मको कामले थाकेर घर फर्क्यो, अरू त परै जाओस् कुरा गर्ने साथी पनि नहुने । सहरमा कार्यालयमा काम गर्नेहरूको एक्लो जीवन भनेको स्वाभाविकै हो । यस कुरालाई पहिला पनि स्वाभाविकै रूपमा लिइन्थ्यो । तर नेपालबाट फर्केपछि भने त्यस किसिमको जीवन साह्रै निरस मात्र होइन, कटाउनै गाह्रो भयो । "अब उपरान्त जापान नै आफ्नो कर्मथलो हो" भन्ने सोचेर फर्केर आएको थिएँ । तर वास्तवमा मलाई जापानी जनजीवनमा टिक्न मुस्किल भयो । तीव्रगतिमा आफू कमजोर हुँदै गएको महसुस हुन थाल्यो ।

## कमैया मुक्ति र आफ्नो विवशता

आफूमा स्फूर्ति हराउँदै गएको भए पनि नेपालमा सञ्चालित कार्यक्रम भने राम्रोसँग अगाडि बढिरहेको थियो । म जापान फर्केको छ महिना अर्थात् सन् २००० को मार्चसम्ममा आठओटा समूहबाट ५६,००० रुपियाँसम्म कोषको रकममा वचत वृद्धि भएछ । अब भने मलाई खउरेही समूह सफल हुन्छ भन्ने कुरामा आत्मविश्वास जागेर आयो । जुलाईमा त एक्कासि "कमैया मुक्त भए" भन्ने खबर पो सुनेँ ।

नेपालमा रहेका शाप्ला नीर आवासीय कर्मचारी ओकायामाजीका अनुसार मे दिवसका दिन बर्दियाको छिमेकी जिल्ला कैलालीमा जमिनदारको अधीनमा काम गर्ने १९ कमैया परिवारले गाउँ विकास समितिको कार्यालयमा पेश गरेको एउटा मागपत्रबाट त्यसको सुरुआत भएको रहेछ । उक्त मागपत्रमा तमसुक नष्ट गर्ने, न्यूनतम ज्याला सुनिश्चित हुनुपर्ने, पुनर्वासीका लागि जग्गा उपलब्ध गराइनुपर्ने माग गरिएको थियो । सो मागपत्र प्राप्त भइसकेपछि स्थानीय गाउँ विकास समितिले सम्बन्धित जमिनदारहरूलाई उपस्थितिको लागि अनुरोध गर्दै मिलापको लागि बैठक बोलायो । तर बैठक बोलाएको दिनमा जमिनदार भने उपस्थित भएनन् । त्यसपछि कमैयाहरूले त्यो मागलाई जिल्लामा पुऱ्याए । तर जिल्लाले आफ्नो क्षेत्राधिकारभन्दा बाहिरको भनी मागपत्र बुझ्न अस्वीकार गऱ्यो । गाउँ विकास समिति तथा जिल्ला प्रशासन कार्यालयले आलटाल गरेपछि कमैयाहरू आफ्नो माग केन्द्रीय सरकारसमक्ष पेश गर्ने उद्देश्यले काठमाडौँतिर लागे ।

जेठ र असारसम्ममा कैलालीका साथै पश्चिमको कञ्चनपुर जिल्लाबाट पनि १६०० भन्दा बढी व्यक्तिहरू त्यस्तै मागका साथ अगाडि बढे । फलस्वरूप "कमैया मुक्ति आन्दोलन" बढ्दै जाने क्रम सुरु भयो । त्यस घटनाक्रममा स्पेसको कुनै प्रत्यक्ष संलग्नता रहेन । तर असारको मध्यतिर स्थानीय कर्मचारी जगत र श्रीराम काठमाडौँ आई मुक्ति आन्दोलनका समर्थक बुद्धिजीवी, पत्रकार तथा कमैयाहरूसँगको अन्तर्क्रियामा भने सहभागी भए । यसरी क्रमिक रूपमा कमैया मुक्ति आन्दोलनका समर्थकहरूको पनि सहभागितामा जुलाई १३ तारिखदेखि संसद् भवनअगाडि १०० जनाभन्दा बढी कमैयाहरूले विरोध जनाउन धर्ना बसे । त्यसपछि २०५७ साउन २ गते सन् २००० जुलाई १७ तारिखका आखिर सरकारले कमैया मुक्त भएको घोषणा जारी गऱ्यो ।

घोषणामा “आजका दिनदेखि कमैया प्रथाको अन्त गरिएको छ । अहिलेसम्म कमैयामाथि लागेको ऋण रद्ध गरिएको छ। अब उप्रान्त कमैयालाई काममा लगाउने व्यक्तिलाई दण्ड दिइने छ” भन्ने उल्लेख गरिएको थियो ।

म यो खबर सुनेर खुशी हुनुको सट्टा द्विविधामा परेँ। अहिलेसम्मको स्पेसको अध्ययनबाट स्पष्ट भएअनुसार सबै किसिमका कमैयाहरूको लागि मिल्ने साझा परिभाषा दिने हो भने साधारणतः “वार्षिक सम्झौतामा काम गर्ने कृषि मजदुर” मात्र भन्न सकिन्थ्यो । साथै हातमा कुनै सीप नभएका, उत्पादनको कुनै माध्यम नभएका व्यक्तिहरूको निमित्त कमैया समयअनुसार न्यूनतम आय आर्जन गर्ने मजदुरीको एउटा अवसर थियो । कमैया भनेका ऋणी मजदुर हुन् भन्ने हो भने पनि यो प्रथालाई हटाउँदा मजदुरी गर्न पाउने एकमात्र अवसर पनि हनन् हुने सम्भावना हुन्छ ।

मलाई चिन्तित बनाएको एउटा अर्को कुरा पनि थियो । यदि अहिलेको सरकारी घोषणाले काम गुमाउनु परे पनि जमिन भएपछि त आफैँले खेती गरेर जीवन धान्न सकिन्छ होला नि । तर सरकारद्वारा जारी “कमैया मुक्तिको घोषणा” मा पुनर्वासको निमित्त चाहिने जमिन सम्बन्धमा एक शब्द पनि उल्लेख गरिएको थिएन । कृषि मजदुरी गर्ने बाटो पनि बन्द हुने र आफैँले खेती गरेर जीवनयापन गर्ने माध्यम पनि प्रदान नगरिने हो भने तिनीहरूले कसरी जीवनयापन गर्ने होलान् ?

मेरो चिन्ता यथार्थमा परिणत पनि भयो । कमैया मुक्ति आन्दोलनको मुख्य ठाउँ कैलाली र कञ्चनपुर जिल्लाका जमिनदारको अधीनमा रहेका कमैयाहरू सरकारको घोषणापछि बस्ने ठाउँ नभएर, सहरको बाटोको छेउमा भएको सार्वजनिक जग्गामा शरणार्थीसरह बस्न सुरु गरे । हालसम्म सुनसान भएको साँगुरो ठाउँ मुक्त कमैयाहरूले खचाखच भएपछि खाद्यान्न र पानीको अभाव हुन गई जनजीवन कष्टप्रद बन्दै गयो ।

त्यस ठाउँमा कुनै अध्ययनविना बाह्य सहयोग पुऱ्याउन खोजिएको खण्डमा अरू धेरै शरणार्थीको रूपमा मुक्त कमैयाको सङ्ख्या थपिने सम्भावना छ । फेरि वरपरका साधारण बासिन्दाहरू पनि उद्धारसामग्री हत्याउने उद्देश्यले त्यहाँ आउन सक्ने सम्भावना भएकोले यथार्थको लेखाजोखा राख्न पनि कठिन हुन्छ । मुख्यमुख्य सहयोगी संस्थाले “शरणार्थीलाई सहयोग गर्ने क्रियाकलाप सुरु गर्नुभन्दा पहिले सरकारले पुनर्वासको लागि आवश्यक जग्गा सुनिश्चित गर्नुपर्ने” अग्रिम सर्त राखी सामूहिक हस्ताक्षर गरेर सरकारलाई बुझाए ।

नोभेम्बर महिनामा शरणार्थी बनेका पूर्वकमैयाहरू र तिनलाई सहयोग गर्ने गैससले मुक्ति आन्दोलनको दोस्रो चरणको कार्यक्रमअन्तर्गत पुनर्वासको लागि आवश्यक

पर्ने जग्गाको माग सरकार समक्ष राखे। यसै बेलातिर नेपालमा कार्यरत ओकायामामार्फत मलाई स्पेसले प्रकाशित गरेको एउटा पुस्तक (SPACE 2000) प्राप्त भयो।

## गैससको दायित्व तथा राजनीतिक असंलग्नताको सवाल

यो पुस्तकमा स्पेसद्वारा सन् १९९६ देखि १९९७ सम्म बर्दिया जिल्लामा कमैया पुनर्वास क्षेत्रमा गरिएको अध्ययनको निचोड थियो। सन् २००० को वार्षिक कार्यतालिकाअनुसार अनुसन्धानको निचोड पनि प्रकाशन गर्ने कुरा भएकोले स्पेसद्वारा पहिले नै शाप्ला नीरलाई प्रस्तुत गरेको प्रतिवेदन सामान्य सम्पादन गरी निकालिएको पुस्तक हो कि भन्ने मलाई लागेको थियो। तर अर्कातिर पुस्तकको सम्पादन प्रकाशन सरकारको "कमैया मुक्ति घोषणा" पछि उत्पन्न भएको शरणार्थी समस्यासँगसँगै हुन गएकोले त्यसमा समाविष्ट लेख रचनाको ठूलो महत्त्व हुनसक्छ भन्ने मलाई लाग्यो।

पुस्तकमा स्पेसले वर्तमान कमैया समस्या नेपाल अधिराज्यको निर्माण हुँदाखेरिकै ऐतिहासिक प्रक्रियासँग जोडिएको कुरा औंल्याइएको थियो। कमैया समस्याको जरैदेखि समाधान गर्न कमैयाहरूको पुनर्वासको लागि आवश्यक जग्गा व्यवस्थित गर्नुबाहेक अरू उपाय थिएन। यो सवाललाई पुस्तकमा निकै दह्रो रूपमा उठाइएको थियो। साथै कमैया सहयोगसम्बन्धी गैससद्वारा गरिँदै आएका परम्परागत क्रियाकलापप्रति यस्तो आलोचना थियो:

> गैरसरकारी संस्थाद्वारा सञ्चालित कमैया सहयोग क्रियाकलापअन्तर्गत सबभन्दा नकारात्मक पक्ष भनेको समूहको निर्माण, वचत, ऋण प्रवाह, प्रौढ शिक्षा जस्ता क्रियाकलापहरूमा सक्कली ऋणी मजदुरको सहभागिता नदेखिनु हो। एकजना ऋणी मजदुरको भनाइ यस्तो छ, "हामीलाई दिनैभरि काममा खट्नुपर्ने हुन्छ, त्यसैले गैरसरकारी संस्थाद्वारा सञ्चालित कार्यक्रममा कसरी भाग लिन सकिन्छ र ? गैरसरकारी संस्थाहरूले पनि घर, जग्गा भएका सम्पन्न व्यक्तिहरूलाई मात्र सहयोग गरिराखेका छन्। हामी जस्ता ऋणी मजदुरहरू जसको आफ्नो भन्ने केही पनि छैन, तिनका लागि कसले सहयोग गर्ने ? गैरसरकारी संस्थाहरूले निम्न वर्गका मानिसको समस्या समाधान गर्न सकेका छैनन् (SPACE 2000)।

ऋणी मजदुरलाई सहयोग पुऱ्याउने कार्यक्रममा मोही तथा ज्यालादारी मजदुर, जो अलि सम्पन्न पनि छन्, तिनैले भाग लिइरहेका छन्।

> प्राचीनकालदेखि नै थारू समुदायमा विद्यमान 'कमैया' प्रथाले यसरी शोषणको रूप लिन थालेको नेपाल अधिराज्यको एकीकरणपश्चात मात्र हो । अर्थात् नेपाल अधिराज्यको निर्माणको क्रममा राजनीतिक तथा आर्थिक प्रक्रियाअन्तर्गत वर्तमान कमैया प्रथा सिर्जना भएको हो । राज्यद्वारा जग्गाको असमान बाँडफाँट गर्नु र पहिलेदेखि नै जग्गा कमाउँदै आएका व्यक्तिलाई जग्गाविहीन बनाइएको कारणले गर्दा पनि कमैया प्रथाले मलजल पाएको हो । त्यसकारण कमैया समस्या नेपाली समाजको असमान आर्थिक सम्बन्ध तथा शक्ति सन्तुलनको असमानताबाट उत्पन्न भएको देखिन्छ । यस समस्याको समाधान गर्न असमान शक्ति सन्तुलनमा हस्तक्षेप नगरी हुँदैन । र गैरसरकारी संस्थाले यस्तो भूमिका निर्वाह गर्न सक्दछन् ।
>
> हामीले कमैया समस्यालाई मानव अधिकारसँग गाँसिएको राजनीतिक समस्याको रूपमा लिएका छौँ । सरकारको धारणा "गैसस राजनीतिबाट पृथक हुनुपर्छ" भन्ने छ । यस्तो अवस्थामा त कमैया समस्या समाधान गर्ने राजनीतिक दल तथा राजनीतिकर्मी मात्र हुन्, गैसस होइनन् भन्ने कुरा आउँछ । तर गैसस पनि सामाजिक संस्था भएकाले राजनीतिक समस्याबाट अलग रहन सक्दैनन् । यस्ता संस्थाहरूले "गरीब तथा असहाय व्यक्तिहरूका सम्बन्धमा समाजद्वारा गरिने निर्णयप्रक्रियामा तिनको आवाजलाई टेवा दिने क्रियाकलाप गरिरहेका हुन्छन् ।" यस अर्थमा हेर्दा गैसस पनि केही हदसम्म राजनीतिसँग सम्बन्धित हुन आउँछन् ।
>
> हामीलाई यो समस्याको समाधानको उपाय जग्गाको स्वामित्वको अधिकार सुनिश्चित गर्नुबाहेक अरू हुन सक्दैन भन्ने लाग्छ। यो यथार्थलाई व्यापकरूपले सार्वजनिक गर्दै समस्याको समाधानार्थ अभियान सञ्चालन गर्नु गैसस तथा नागरिक समाजको दायित्व पनि हो (SPACE 2000) ।

मलाई अचम्म लाग्यो, उनीहरूको आलोचना सम्पूर्ण गैरसरकारी संस्थाहरूप्रति लक्षित थियो । तापनि त्यसमा लेखिएका कुरा शाप्ला नीर र स्पेसका क्रियाकलापसँग पनि सम्बन्धित भएकाले मैले पनि ठूलै धक्का महसुस गरेँ । कुनै खास व्यक्ति वा संस्थाको नाम पुष्टि गरिएको त थिएन तर त्यो पुस्तक अहिलेसम्म आफैँले कमैयालाई पुऱ्याउँदै आएको सहयोग क्रियाकलापमा आफैँले आफ्नो आलोचना गर्नका लागि तयार गरिएको दस्तावेज त होइन ? भन्ने पनि लाग्यो ।

## सफलता कि असफलता ?

कमैया पुनर्स्थापित क्षेत्रको अनुसन्धानको बेलामा पुनर्स्थापित क्षेत्रमा गरिने क्रियाकलापलाई "जमिनदारद्वारा शोषणमा परेका कमैयाहरूलाई सहयोगका लागि प्रवेशद्वार" भनेर सोचेका थियौँ । तर त्यसपछिका पाँच वर्ष बितिसक्दा पनि हामी प्रवेशद्वारमै अल्मलिएका रहेछौँ । पुनर्स्थापित क्षेत्रमा बसोबास गर्ने "मोही तथा ज्यालादारी मजदुरी गरी उन्नत जीवन बिताउने थारू समुदायका केही

व्यक्तिलाई सहयोग गर्नुबाहेक अरू केही भएको रहेनछ । हाम्रो सहयोग "वास्तविक ऋणी मजदुरहरू" सम्म पुगेकै रहेनछ ।

अहिले खउरेही समूहको सफलताले गर्दा छायाँमा परेको समस्या अर्थात् जग्गाको समस्या आँखा सामुन्ने प्रस्ट देखिन थाल्यो । पहिला नै हामीले कमैयाको मुख्य समस्या भनेको जग्गा नै हो भन्ने कुरा अध्ययनबाट थाहा पाइसकेका थियौँ । तर कनरा आयोगबाट शाप्ला नीर समक्ष प्रस्ताव आउँदा "राजनीतिक रूपले तटस्थ हुनुपर्ने । विदेशी गैसस भएकोले आदिवासीको जग्गाप्राप्ति आन्दोलनमा सहयोग गर्न सकिँदैन" भनी त्यो समस्याबाट टाढै रहेका थियौँ । यदि त्यति बेला कमैयाको जग्गासम्बन्धी समस्याको सवाललाई समेत समेट्न सकेको भए यति बेलाको मुक्ति आन्दोलनले ऋणको समस्या मात्र होइन, पुनर्वासको लागि जग्गाको स्वामित्वकै बारेमा पनि धेरै मात्रामा सकारात्मक भूमिका निर्वाह गर्न सकिन्थ्यो होला । त्यसो गरेको भए मुक्त कमैयाहरूले घरबास गुमाएर शरणार्थीको जीवन बिताउनुपर्ने स्थितिको अन्त्य हुन्थ्यो होला ।

खउरेही समूहको क्रियाकलापलाई हेर्दा पुनर्स्थापित बासिन्दा आफैले विचार विश्लेषण गरी निर्णय लिएर सुरु गरेको विकासको रूपमा अवश्य पनि सफलता हासिल गऱ्यो । तर कमैया समस्या समाधानको दृष्टिले हेर्ने हो भने हाम्रा क्रियाकलाप असफल भएका त होइनन् ?

## बासिन्दामा आधारित विकास

जापान फर्केको एक वर्षको बीचमा मैलै ओकायामालाई दिनुपर्ने सल्लाह-सुझावहरू प्रायः दिइसकेको थिएँ । अर्कोतर्फ श्रीमतीसँग भेट नभएको पनि डेढ वर्ष भइसकेको थियो । अबचाहिँ एक्लै बस्ने कुरामा मैले हार खाइसकेको थिएँ । त्यसमाथि फेरि यसपटकको कमैया मुक्ति घोषणासम्मका घटनाक्रम तथा स्पेसको पुस्तकमा उल्लिखित कमैया सहयोग क्रियाकलापका सम्बन्धमा उत्पन्न द्विविधाजनक सवालका कारण आफूले अहिलेसम्म जोड दिँदै आएको "बासिन्दामा आधारित विकास" को अर्थ के हो भन्ने जरैदेखि परिमार्जित गर्नुपर्ने महसुस भइरहेको थियो । नेपालको छिमेकी मुलुक बंगलादेशमा कार्यरत आफ्नी श्रीमतीसँग बसेर अहिलेसम्म आफूले गरेका क्रियाकलापको विस्तारै पुनरावलोकन गर्नुपर्छ कि भन्ने सोच मैले बनाएँ ।

बेलायतको अध्ययनसँगै जापानको रेडक्रसमा काम गरेदेखि १६ वर्षसम्म निरन्तर सहयोगका क्रियाकलापमा खटिरहँदा पनि गन्तव्य पहिल्याउन नसक्ने हो भने त आगामी दिनमा कसरी काम गर्न सकिएला र ? वास्तवमा मैले थाकेको अनुभव गर्न थालिसकेको थिएँ ।

सन् २००० डिसेम्बरमा साढे आठ वर्षदेखि काम गर्दै आएको शाप्ला नीरबाट अवकाश लिएर बंगलादेशतर्फ लागेँ । त्यसको करिब साढे एक महिनापछि, २००१ मार्चमा निकै लामो समयपछि नेपालको भ्रमण गरेँ । त्यति बेला शाप्ला नीर र स्पेसबीच आगामी महिनामा "तीनवर्षे योजना" को अन्तिम वर्षप्रवेशको अवसरमा खउरेही समूहलाई पुऱ्याइँदै आएको सहयोग कस्तो किसिमले सञ्चालन गर्दै लैजाने भन्ने विषयमा विचारविमर्श भइरहेको थियो । खउरेही समूहले कोषवृद्धि गर्दै गइरहेको थियो । स्पेस चाहिँ सुरुको योजनामुताबिक रकम सहायताको कार्य सन् २००१ देखि स्थगित गर्ने विचारमा थियो । सहायता स्थगित गरेर समूहका सदस्यद्वारा मात्र क्रियाकलापलाई निरन्तरता दिन सकिन्छ कि सकिन्न भन्नेबारे समूह सदस्यका विचार नबुझी केही भन्न सकिँदैनथ्यो ।

जनवरीदेखि बर्दिया जिल्लाका कमैयाहरू पनि जमिनदारको अधीनबाट बाहिर निस्केर राजमार्गको किनारमा रहेको सार्वजनिक जग्गा तथा राष्ट्रिय वन कब्जा गरी शरणार्थीको रूपमा बस्न थालेका थिए । स्पेसका लागि यस्ता शरणार्थीहरूलाई कुन किसिमको सहयोग पुऱ्याउन सकिन्छ होला भनेर विचार गर्नु जरूरी थियो ।

बर्दिया जिल्लाको काममा खटिइरहनु भएका जापानी प्रतिनिधि ओकायामा र स्पेसको मुख्य कार्यालयका कर्मचारीसँगै म पनि बर्दिया जिल्लाको भ्रमणमा लागेँ । त्यसपछि शरणार्थीको जीवन बाँचिरहेका पूर्व कमैयाहरूका कुरा सुन्दै, जग्गा वितरण गर्ने जिल्ला सुकुमबासी आयोगको कार्यालयमा गई वर्तमान अवस्थाप्रति सरकारको नीतिबारे जानकारी लिँदै जिल्लाभित्रका केही गैससहरूसित पनि कमैया सहयोग सम्बन्धमा कुराकानी गऱ्यौँ । सौभाग्यको कुरा त्यति बेला बर्दिया जिल्लामा माओवादी गतिविधि पनि खासै चर्को रूपमा थिएन । पुनर्स्थापित क्षेत्रमा स्पेसद्वारा सहयोग क्रियाकलाप सञ्चालन भएको पनि दुई वर्ष बितिसकेको थियो । दुई वर्षको अवधिमा एककिसिमको स्थिरता आइसकेको कारणले गर्दा हामी जापानीहरू पनि गाउँमा पस्नसक्ने भएका थियौँ । सन् १९९६ मा रमेशसँग

भएको पहिलो भेटघाटपछि अर्थात् चार वर्ष तीन महिनाको अन्तरालमा बल्ल मैले पुनर्स्थापित क्षेत्रमा प्रवेश गरेको थिएँ ।

## स्थानीय बासिन्दाद्वारा समूह सञ्चालनको जिम्मेवारी वहन

सहायता उपलब्ध गराउन स्थगित गरेपछि खउरेही समूहलाई कसरी व्यवस्थित गर्दै लैजाने ? जगतलगायत स्पेसका कार्यकर्ताहरूले हालसम्म गठन भएका समूहलाई एकत्रित गरी साझा सहकारीको रूपमा दर्ता गर्ने विचार गरेका थिए । बंगलादेशमा पनि केही गैससद्वारा पहिले नै यसखाले प्रयासहरू भएका थिए । तर ती गैससले सफलता पाउन सकेनन् । सङ्गठन ठूलो भयो भने व्यवस्थापन या आयस्रोत नियन्त्रित गर्ने प्रणाली जटिल हुन जान्छ । त्यस्तो परिवर्तन अचानक हुने हुनाले त्यसमा सदस्यहरू अभ्यस्त हुन सक्दैनन् ।

बंगलादेशको अनुभवले गर्दा पनि जगतहरूको सुझावसँग सहमत हुन सकिएन । फेरि यस्तो विचार समूहका सदस्यको आपसी सल्लाह नभई कार्यकर्ताहरूको निर्णयबाट आएको हुनाले मलाई झनै चित्त बुझेन । मैले जगतलाई भनेँ, “अहिलेसम्म खउरेही समूहका क्रियाकलापहरू उनीहरूको आफ्नै सिर्जना भएको कारण राम्रोसँग सञ्चालन हुँदै आएको हो । साथै यसको उद्देश्य तथा कार्यप्रणालीबारे सदस्यहरू पूर्ण रूपमा जानकार पनि छन् । अब आगामी दिनमा के गर्दा उपयुक्त हुन्छ भन्ने सम्बन्धमा पनि समूहका सदस्यहरूको विचार बुझ्दा राम्रो हुन्छ कि !”

त्यसपछि हामीले खउरेही समूहका सदस्यहरूसँग भेटेर सोध्नबुझ्न थाल्यौँ ।

“स्पेसको सहयोगविना पनि के समूहका क्रियाकलापलाई निरन्तरता दिन सकिन्छ ? यदि निरन्तरता दिने हो भने के कस्तो कार्यप्रणाली अपनाउन सकिन्छ होला ?” हामीले सोध्यौँ ।

स्पष्ट विचार राख्नसक्ने सदस्यहरू कमै थिए । तर खउरेही समूहका इन्द्रले “यदि स्पेसले प्रदान गर्ने स्रोत बन्द गर्ने हो भने हालसम्म अपनाइँदै आएको समूह सञ्चालनको नीतिमा पनि परिवर्तन गर्नु पर्दछ” भनी बोल्न सुरु गरे । मलाई पनि उनको कुरामा निकै चाख लाग्यो ।

“हालसम्म हाम्रो कोषबाट ऋण लिनेमा समूहसँग सम्बन्धित सदस्यहरू मात्र छन् । अबदेखि गैरसदस्यले पनि ऋण लिन मिल्ने भयो भने राम्रो हुन्छ जस्तो लागेको छ । तर एकएक जनाले मात्र नभई हामीहरूले स्पेससँग ऋण लिने

बेलामा जस्तै पहिला समूह गठन गरी सबै सदस्यहरू सामूहिक जिम्मेवारीमा ऋण लिन लगाउने, ऋण फर्काउने बेलामा पनि केही हदसम्म ब्याज लगाउने । यसो गरेको खण्डमा पैसाको खाँचो भएका सदस्यबाहेक अन्य बासिन्दालाई पनि सहयोग पुग्ने हुन्छ र आफूलाई पनि ब्याज आउने भएकोले संस्था र व्यक्ति दुवैलाई लाभदायक हुन्छ ।"

मैले इन्द्रको विचारलाई हृदयङ्गम गर्ने प्रयास गरें । उनको भनाइअनुसार "आफ्नो कोषको रकम अरू समूहसँग ब्याज लिएर ऋण प्रदान गर्ने" हुन आउँथ्यो । यो प्रस्ताव सोचेभन्दा बढी अर्थपूर्ण थियो । इन्द्रले कतिसम्म बुझेका छन् भन्ने कुरा त थाहा पाउन सकिएन, तर आगामी दिनमा आफ्नो कोषबाट बाहिरी मान्छेलाई ऋण दिन सक्षम हुनु भनेको समूह निर्माणको निमित्त उत्प्रेरक बनेर अहिलेसम्म स्पेसले निभाउँदै आएको भूमिका उनीहरू आफैंले बहन गर्ने कुरा पनि हुन सक्थ्यो । मलाई मनमनै खुशी लाग्यो ।

जगतको विचार नयाँ समूह बनाउने भए पनि पहिले नै बनेका समूहको क्रियाकलापमा मात्र सीमित थियो । तर इन्द्रको विचारमा आफ्नै पहल तथा सक्रियतामा भावी क्रियाकलापलाई वरिपरिका क्षेत्रमा समेत विस्तार गर्दै लैजाने कुरा थियो । यो खालि निश्चित समय र कुनै खास ठाउँमा सीमित गरेर सञ्चालन गरिने "परियोजना" नभई बासिन्दाको स्वेच्छामा गरिने विकासको अभियान थियो ।

यथार्थमा अहिलेसम्म इन्द्रहरूको सञ्चित कोषमा अर्को समूहलाई तत्काल ऋण दिनसक्ने पर्याप्त रकम भने जम्मा भइसकेको थिएन । तैपनि क्रियाकलापलाई अगाडि बढाउने कुरामा स्पेसका कार्यकर्ता भन्दा समूहका सदस्यहरू बढी संवेदनशील छन् भन्ने मलाई लाग्यो ।

## जग्गाप्राप्तिको अभियान भनै अन्यौलमा

स्पेस र शाप्ला नीरले गत वर्ष "कमैया मुक्तिको घोषणा" भएपछि जमिनदारको अधिनबाट छुटेका कमैयाका सम्बन्धमा राजमार्गको किनारामा शरणार्थीको रूपमा बसेका करिब चार सय शरणार्थीमध्ये 'बनगाई' भन्ने शरणार्थी शिविरलाई मात्र लक्षित गरी सहयोग क्रियाकलाप सञ्चालन गर्ने विचार गरेका थिए । त्यसैले पूर्वसर्वेक्षणस्वरूप उक्त 'बनगाई' समेतका चारओटा शिविरको निरीक्षणार्थ गयौं ।

सबैजसो शिविरहरू साँघुरो ठाउँमा थिए । पराल एवं प्लाष्टिकले बारिएको स-साना छाप्राहरू गुचुमुच्च परेका थिए । त्यस अवस्थाका शिविरमा कुनै पनि

बेला आगो फैलिन सक्ने खतरा थियो। साथै बर्षाको मौसममा बस्ने ठाउँमा पानी पस्नसक्ने र दुषित पानीको कारण अनेकखाले रोग फैलिने डर पनि थियो। अझै त्यसमाथि लामखुट्टेबाट मलेरिया तथा जापानी इन्सेफलाइटिस् जस्ता रोग फैलिन सक्ने कुराको सजिलै अनुमान लगाउन सकिन्थ्यो।

संयुक्त राष्ट्र सङ्घ तथा अन्य अन्तर्राष्ट्रिय गैससले सरकारलाई दबाब दिन "पूर्वकमैयाहरूको पुनर्वासका लागि आवश्यक जग्गा निश्चित नभएसम्म राहतका कार्यक्रमहरू सञ्चालन नगर्ने" भनी संयुक्त विज्ञप्ति प्रकाशन गरेका थिए। शरणार्थीहरूलाई प्लाष्टिकका पाल वितरण तथा शरणार्थी शिविरमा केही मात्रामा इनार निर्माण गर्नेजस्ता न्यूनतम आधारभूत आवश्यकताका कार्यक्रमबाहेक अरू कुनै राहत कार्यक्रम सञ्चालन गरिएको थिएन। अर्कोतिर फेरि शिविरभित्र राम्रोसँग राहत कार्यक्रम सञ्चालन भयो भने "हामीले पनि जग्गा हात पार्न सकिन्छ" भनेर नक्कली कमैयाको रूपमा अन्य व्यक्तिहरू पनि कमैयासँग मिसिने सम्भावना देखिएको थियो। गैरकमैयाको घुसपैठको सम्भावना बढी भएकोले पनि तत्काल कुनै राहत कार्यक्रम सञ्चालन गरिएको थिएन।

यस्तो परिस्थितिमा स्पेस एक्लैले त्यो पनि एउटा शिविरमा मात्र राहतका कार्यक्रम सञ्चालन गर्न खोज्नु भनेको असम्भव मात्र होइन, औचित्यहीन कुरा थियो।

अब झन् कमैयाको जग्गाप्राप्तिको अभियान जटिल बन्दै गयो। शायद दातृ संस्थाहरूको दबाबले होला, हामीले बर्दियाको भ्रमण गर्दा सरकारले पूर्वकमैया प्रति परिवार बढीमा पाँच कट्ठा जग्गा वितरण गर्न सुरु गरेको थियो। लक्षित परिवार चाहिँ कमैया मुक्तिको घोषणा जारी हुनुअघि सन् १९९४/९५ मा सरकारले प्रत्येक गाउँ विकास समितिका सचिवसँग सोधेर सङ्कलन गरिएको तथ्याङ्क (हेर्नोस् अध्याय चारको तालिका) को आधारमा निर्धारण गरिएको थियो। त्यतिखेरको अवस्थाअनुसार जमिनदारहरूले ती गाविस सचिवलाई कमैयाहरूको वास्तविक सङ्ख्याबारे सही जानकारी नदिने र कमैयाहरू पनि आफू मुक्त कमैया हुँ भनेर भन्न नसक्ने स्थिति व्यापक थियो। त्यसैको परिणामस्वरूप वास्तविक कमैया परिवारको सङ्ख्या र सरकारी सर्वेक्षणबाट निकालिएको कमैया परिवारको सङ्ख्यामा ठूलो अन्तर आयो।

त्यसमाथि सरकारले पूर्वकमैयाद्वारा पुनर्वासका लागि दिइने निवेदनका साथमा "नीज कमैया हो" भनेर पूर्व जमिनदारको हस्ताक्षरसहितको सिफारिश

पेश गर्नुपर्ने नियम राखिदिनाले पुनर्वासका लागि जग्गा बाँडफाँट हुन थालेपछि बर्दिया जिल्लाका अधिकाङ्श राजनीतिक दलहरूले आगामी चुनावमा भोट बटुल्ने उद्देश्यले गैरकमैयाहरूको समेत नामावली सरकारलाई प्रस्तुत गरेर धेरै गञ्जागोलको स्थिति सिर्जना गरेका थिए । अर्कोतिर कतिपय जमिनदारहरूले कमैया मुक्तिसम्बन्धी सरकारको एकपक्षीय घोषणाप्रति विरोध जनाउन कमैया सिफारिसका कागजपत्रमा हस्ताक्षर गर्न अस्वीकार गरेका थिए । त्यसले गर्दा थुप्रै कमैयाहरू निवेदन दिनबाटसमेत वञ्चित हुन पुगे ।

शरणार्थीको जग्गाप्राप्तिको अभियानमा सहयोग पुऱ्याउँदै आएका गैससहरूले प्रतिपरिवार कमसेकम दस कट्ठा जग्गा उपलब्ध गराइनुपर्ने अडान राख्दै आएका थिए । साथै शरणार्थीस्वरूप बसेका कमैयालाई सरकारको जग्गा वितरण प्रक्रिया उपयुक्त नभएकोले त्यसमा निवेदन नदिने र बर्दिया जिल्लाअन्तर्गतका सार्वजनिक जग्गा कब्जा गर्ने रणनीति अपनाइएको थियो । पहिले हामी बर्दियामा छँदाखेरि पनि जूट विकास कम्पनीको जग्गा कब्जा गर्ने क्रममा प्रहरीहस्तक्षेप भएपछि उक्त रणनीति बदलेर जमिनदारका जग्गा कब्जा गर्ने घोषणा सार्वजनिक गरिएको थियो । यसरी पनि कमैयाहरूको अभियान अवैधानिक भएको आरोप लागेर उनीहरू पक्रिने, जमिनदारपक्षबाट पनि कुटपिट आदि वारदातका घटना हुने डर थियो । अर्कातिर कति हदसम्म जमिनदारहरूको जग्गा कब्जा गर्ने भन्ने सम्बन्धमा पनि स्पष्टता थिएन ।

## गैससको दायित्वबारे पुनर्विचार आवश्यकता

पूर्वकमैयाहरूको स्थिति निकै अस्तव्यस्त थियो । आन्दोलनका मुख्य सरोकारपक्ष मानिएका कमैयाहरूलाई सरकारी तथा गैरसरकारी दुवै पक्षबाट व्यावहारिक सल्लाह नदिनु एउटा ठूलो समस्या हो भन्ने हामीले महसुस गऱ्यौँ । "सरकारद्वारा प्रति परिवार दस कट्ठा जग्गा उपलब्ध गराइनुपर्ने गैससहरूको अडान" पनि आफैँमा महत्त्वपूर्ण थियो होला तर स्पेसले अहिलेसम्म सहयोग पुऱ्याउँदै आएको पुनर्वास क्षेत्रका कतिपय कमैया परिवारले पाँच कट्ठाजति जग्गामा पनि राम्रोसँग जीवननिर्वाह गरिरहेका उदाहरण प्रशस्त थिए ।[१]

---

१ मुख्यतः पारिवारिक संरचनामा आधारित ।

जसरी पनि दस कट्ठा जग्गाकै अडानमा रहने कि सरकारद्वारा निर्धारण गरिएको पाँच कट्ठा जग्गाको लागि निवेदन दिने भन्ने कुराको निर्णय सम्बन्धित कमैया परिवारले गर्ने कुरा हो । तर कमैयाहरूलाई सही सल्लाहसुझाव प्राप्त हुन नसक्दा जसले जे भन्यो त्यसैको लहलहैमा कहिले यता कहिले उता लाग्ने बाध्यता आइपरेको थियो । जुलाईदेखि अगस्तसम्ममा जग्गाको व्यवस्था हुन सके त ठीकै थियो तर यदि त्योभन्दा ढिलो भयो भनेचाहिँ शिविरहरूमा दूषित वातावरणका कारण अनेक रोग फैलिने तथा खानेकुराको अभावका कारण समस्या अझै गम्भीर हुने निश्चित थियो ।

जग्गाप्राप्तिको अभियानमा सहयोग पुऱ्याउँदै समयअनुसार बासिन्दा र सरकारबीच मध्यस्थको भूमिका निभाउनुपर्ने गैससको दायित्व आफ्ना एकतर्फी विचारमात्र नराखी सरकारी पक्षका गतिविधिलगायत उपयुक्त जानकारी तथा सल्लाह कमैयाहरूलाई पुऱ्याउनु पनि हो । दीर्घकालीन असर पर्ने सवाललाई मध्यनजर गर्दै तत्कालका समस्याको छिटो समाधानको लागि सरकारलाई आवश्यक दबाब दिनुपर्ने आवश्यकता पनि देखिएको थियो । अहिलेसम्म स्थानीय बासिन्दासँग मिलेर क्रियाकलाप गर्दै आएको स्पेसले जग्गाप्राप्तिको अभियानबाहेक कमैया समस्या समाधानका लागि अरू उपाय नभएको कुरामा जोड दिँदै आए पनि आफ्नो दायित्वप्रति पुनर्विचार गर्नुपर्ने देखियो ।

## गाउँलेहरूसँग पुनः भेटघाट र कुराकानी

ओकायामा तथा स्पेसको केन्द्रीय कार्यालयका कर्मचारीहरू काठमाडौँ जानुभयो । तर म चाहिँ केही दिन बर्दियामै रहेँ । यस बीचमा धेरै पहिला भेटेका गाउँलेहरूसँग पुनः भेट्ने इच्छा जाग्यो र हरिया गाउँतिर पसेँ । सबभन्दा पहिला परावर्तनको अवलोकन गर्ने अवसर पाएको गाउँ पनि हरिया नै थियो ।

गाउँमा पुग्दा कुनै नयाँ ठाउँमा आएजस्तो निकै रमाइलो र अचम्म पनि लाग्यो । ६ वर्षअगाडि केशवसँगै त्यो गाउँमा जाँदा नयाँ बस्ती भएकोले त्यहाँका घरहरू पनि पराल र स्याउलाले बारेका झुपडी जस्ता थिए । रूख बिरूवा एउटा पनि थिएनन् । बाटो पनि एकदम उराठलाग्दो थियो । ओहो ! अहिले त निकै परिवर्तन पो भएछ । गाउँको मुख्य बाटोको दुवैतिर व्यवस्थित तरिकाले रूखहरू रोपिएका छन् । बाटोको दायाँबायाँ लहरै पक्की घरहरू छन् । तिनका अगाडि गाईबाख्राले मजाले घाँसपराल खाइरहेका छन् । त्यतिमात्र हो र ! गाउँको

बीचमा एउटा सानो प्राथमिक विद्यालय तथा त्यसको छेउमा एउटा किराना पसलसमेत खुलिसकेको रहेछ ।

त्यो गाउँमा हाम्रो सहयोग भनेको प्रौढ शिक्षा, सरूवा रोग नियन्त्रण अभियान सञ्चालन र खउरेही समूहको कोषको लागि धेरथोर ऋण उपलब्ध गराइएको मात्र थियो । त्यसकारण यो परिवर्तन गाउँलेहरूको आफ्नै प्रयासबाट भएको हो भन्न सकिन्छ । मलाई फेरि एकपटक हामीले उपलब्ध गराएको सहयोग त ग्रामीण जीवनको लागि एउटा सानो हिस्सा मात्र थियो तर गाउँले आफैमा आफ्नो जीवनस्तरमा सुधार गर्ने क्षमता अनुमान नै गर्न नसकिने गरी विकास भएछ भन्ने अनुभूति भयो ।

मैले खउरेही समूहका सदस्य भेला गर्न लगाई सानो सभा गरेँ । त्यस ठाउँमा गतवर्ष कमैया मुक्तिको घोषणापछि जमिनदारको अधिनबाट मुक्त भएका पूर्वकमैयाहरूलाई के कस्तो सहयोगको आवश्यकता छ भन्नेबारे उनीहरूको विचार सुनेँ ।

"सबैलाई थाहा भएको कुरा हो, सरकारद्वारा कमैया मुक्तिको घोषणा भइसकेपछि धेरैजसो कमैयाहरू जमिनदारको ठाउँबाट अलग्गिने, उनीहरूबाट निकालिएको कारण शरीरमा लगाएका एकसरो लुगाले मात्र शरणार्थीको जीवन बाँचिराखेका छन् । मेरा साथी स्पेसले जसरी भए पनि तिनीहरूलाई सहयोग गर्न चाहन्छन् । के कसरी सहयोग गर्दा राम्रो होला, भन्नुहोस् न ।"

हालसम्म स्पेसले मात्र मद्दत गर्दथ्यो तर अहिले आएर त्यसको ठीक विपरीत स्पेसले सहयोगको अपेक्षा गरेकोले तिनीहरू एकछिन अचम्ममा परे । तर भनाईको तात्पर्यलाई बुझी खउरेही समस्यालाई सर्वप्रथम औंल्याउने कालिरामले निपूर्णतापूर्वक विचार पोख्न थाले ।

"अहिले हाम्रो ठूलो समस्या भनेको खाद्यान्न अभाव नै हो ।"

"हामीलाई पनि त्यस्तै लागेको थियो । स्पेसले शरणार्थी शिविरमा खाद्यान्न वितरण गर्न थालेपछि अन्य ठाउँबाट पनि मान्छेहरू खाद्यान्न पाइन्छ भनेर शिविरमा आए भने त झन् गडबड होला नि ।"

"अँ यो कुरा त साँच्चै हो । हाम्रो नजिकको शिविरमा खाद्यान्न वितरण हुने हो भने त हामी पनि त लिन जान्छौँ, हा... हा.. हा..।"

"अहिले शरणार्थीहरूले जुन परिस्थितिको सामना गर्नु परिराखेको छ, त्यो कनरा आन्दोलन सुरु हुँदाताकाको जस्तो छ, होइन र ? त्यसकारण भविष्यमा के

कस्ता समस्या आउलान्, त्यसका लागि के कस्तो राहत सहयोगको खाँचो पर्छ होला भन्ने सम्बन्धमा त स्पेसलाई भन्दा पनि तपाईंहरूलाई धेरै थाहा हुन्छ नि । त्यसकारण के कस्तो काम कुरा गर्नुपर्छ भन्नेबारे स्पेसलाई बताउनुहोस् । मेरो यही अनुरोध छ ।"

त्यस बेला मैले एउटा प्रसङ्ग सम्झेँ । पहिले म त्यस ठाउँमा जाँदा "कहिलेदेखि के कस्तो सहयोग आउँदै छ" भनेर आशा गर्नेमा महिलाको तुलनामा पुरूषहरू बढी थिए । त्यतिखेर म त्यस्ता कुराहरूबाट टाढै रहन चाहन्थेँ । तर यसपटकको अवस्था त्यस्तो थिएन । निश्चित रूपले म शाप्ला नीरको कर्मचारी नभएको हुनाले एक दाताको रूपमा व्यवहार गर्न सक्दैनथेँ । साथै उनीहरूले पनि मलाई दाताको रूपमा लिएका थिएनन् । त्यसैले मैले पनि यसपटक मजासँग उनीहरूसँग बसेर कुराकानी गरेँ ।

## सहयोगबाट सम्बन्धमा पर्ने असर

त्यस रात म, जगत तथा उनको परिवार रहेको बर्दियाको घरमा यस पुस्तकको लागि अन्तर्वार्ता गरिरहेको थिएँ । पुनर्वास क्षेत्रको अनुसन्धान सुरु गरेदेखि अहिलेसम्मका कुराहरू सरसर्ती सोधेपछि मैले कुराकानीलाई भावी कार्यदिशातिर मोडेँ । कुरा सुन्दा, जगतहरूको मनसाय शरणार्थीहरूको जग्गाप्राप्तिको आन्दोलनलाई सहयोग पुऱ्याउनुपर्छ भन्ने देखियो । तर किन शाप्ला नीर समक्ष चार सय शरणार्थी परिवारमा मात्र सीमित रहेर सहयोग क्रियाकलाप सञ्चालन गर्ने भन्ने विचार प्रस्तुत गरेको होला भन्ने कुरा मैले बुझेको थिइन । मैले यो कुरा उनलाई सोधेँ, "तपाईंहरूले कनरा आन्दोलनका पुनर्वासीहरूसँग असाध्यै राम्रो सम्बन्ध विकास गर्नुभएको छ । यो स्पेसको सबभन्दा ठूलो उपलब्धि हो भन्ने मलाई लागेको छ । अहिले सार्वजनिक जग्गामा शरणार्थीको जीवन बाँचिरहेका पूर्वकमैयाहरूको अवस्था दस वर्षअघिको कनरा आन्दोलनपछि सरकारी वन कब्जा गरी बसेका कमैयाहरूको अवस्थासँग धेरै मिल्दो जुल्दो देखिन्छ । अहिलेका शरणार्थीहरूले कनरा आन्दोलनका पुनर्वासीहरूबाट अवश्य पनि धेरै कुराहरू सिक्न सक्छन् । राहत क्रियाकलापलाई चार सय घरमा मात्र सीमित नगरी पुनर्वासी र शरणार्थीसमेतको सञ्जाल कायम गरी आन्दोलनलाई अझ व्यापक र प्रभावकारी बनाउन सहयोग गर्ने सुझाव किन दिनुभएन त ?"

"शाप्ला नीरले जग्गाप्राप्तिको आन्दोलनलाई सहयोग गर्दैन, होइन र ?" जगतले जवाफ दिए । मैले अनुमानै नगरेको जवाफ थियो यो । त्यस्तै जगतले यसपालि शाप्ला नीर समक्ष राखेको सहायता योजनाबारे बताउन थाले, "जग्गाप्राप्ति अभियानमा सहभागी कमैयाहरू, गैरसरकारी संस्थाहरू तथा सरकारी पक्षका बीचमा स्पेसले समन्वय गर्ने गरी आगामी सम्पूर्ण क्रियाकलाप परिमार्जन गर्ने ।"

तथापि स्पेस केन्द्रीय कार्यालयबाट "जग्गाप्राप्ति अभियानका लागि सञ्जाल निर्माण गर्ने कुरामा शाप्ला नीरबाट सहयोग उपलब्ध हुन नसक्ने हुनाले सरल, स्पष्ट र सीमित योजना तर्जुमा गर्न कार्यक्षेत्रका कर्मचारीहरूलाई निर्देशन दिइएको रहेछ । योजना तर्जुमाको लागि कार्यक्षेत्र तथा स्पेस केन्द्रबीच दोहोरो सम्पर्क पनि भइराखेको रहेछ ।

यस किसिमका गतिविधिका सम्बन्धमा मभन्दा पछि आउनुभएका स्थानीय प्रतिनिधि ओकायामालाई कुनै जानकारी नदिइएकोमा मलाई असाध्यै दुःख लाग्यो । जगतले मसँग यस्ता कुरा गर्नुपछाडिको कारणमा म अहिले शाप्ला नीरको कर्मचारी नभएको र जे जस्ता कुरा गरे पनि सहयोग स्थगित हुने तथा अनुदान घटाइने डर नभएकोले गर्दा नै हो ।

वास्तवमा शाप्ला नीर र स्पेसबीच कनरा आयोगको विषयलाई लिएर मतभेद उत्पन्न भएकै हो । त्यसपछि नै स्पेसद्वारा रमेशको गाउँलाई कार्यक्षेत्रबाट हटाइएको थियो । त्यति बेला कनरा आयोगलाई सहयोग गर्न असमर्थ रहेको कुरामा स्पेस आफै पनि सहमत भएको थियो । त्यसपछि खउरेही समूहको क्रियाकलापलाई केन्द्रबिन्दु बनाइयो । माथिको विचार लाद्ने प्रवृत्तिमा परिवर्तन ल्याएर कार्यक्षेत्रबाट प्राप्त हुने विचारलाई प्राथमिकता दिन थालिएको थियो । त्यसैले होला स्पेसका स्थानीय कार्यकर्ताहरूका लागि शाप्ला नीरलाई "जे कुरा पनि भन्न मिल्ने साझेदार" को रूपमा लिइएको ।

क्रियाकलाप सञ्चालनका लागि सहयोग उपलब्ध गराएअनुसार "सहयोग गर्ने पक्ष" मा निहित "सर्वाधिकार परियोजना" (वास्तवमा मैले उक्त अधिकारको उपयोग गरी कनरा आयोगलाई सहयोग गर्न अस्वीकार गरेको थिएँ) सम्बन्धमा "सहयोग प्राप्त गर्ने पक्ष" स्पेस, मभन्दा बढी संवेदनशील थियो । विगतको मेरो निर्णयलाई प्रभावहीन बनाइएकोमा म स्तब्ध भएँ ।

सहयोगका लागि गाँसिने सम्बन्धबाट पनि यसप्रकारका असामञ्जस्यता सिर्जना हुन सक्दारहेछन् भन्ने कटु अनुभव मलाई भयो ।

## अर्को अचम्मको कुरा

मलाई आश्चर्य लागेको कुरा यति मात्र होइन । मैले अहिलेको “कमैया मुक्ति अभियान” कसैले बनाएको योजना नभई उन्नाईसजना कमैया परिवारद्वारा पेश गरिएको मागपत्र तथा त्यसप्रति स्थानीय गैसस तथा मानवअधिकारवादी तथा पत्रकारहरूको सहयोगबाट नै सम्भव भएको हो भन्नेखालको विस्तृत विवरण प्राप्त गरेको थिएँ ।

जगतको भनाइअनुसार “कमैया मुक्ति अभियान” लाई सरकारको “कमैया मुक्तिको घोषणा” सम्म पुऱ्याउनमा विदेशी गैससहरूले विशेष भूमिका खेलेका थिए । तीमध्ये एक्सन एड पनि एक थियो । कमैया मुक्ति अभियानमा संलग्न विभिन्न संस्थाहरूमा काम गर्ने सहयोगीमध्ये केशव गौतम एक मुख्य व्यक्ति हुनुहुन्थ्यो । उहाँ स्पेसको पूर्व कार्यालय प्रमुख तथा बर्दिया परियोजनाका संस्थापक हुनुहुन्छ । कनरा आयोगलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा शाप्ला नीर समक्ष प्रस्ताव पेश गरेकोमा शाप्ला नीरबाट सहमति नपाएपछि उहाँ एक्सन एडमा सरूवा हुनुभएको थियो ।